प्रदेश सरकार प्रदेश नं १ बाट जारी भएको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन - २०७५ को परिच्छेद २ को दफा ३ वमोजिम नगर सभाको नियमित अधिवेशन ८ महिना भन्दा बढि फरक नहुने गरी अध्यक्षले वोलाउने व्यवस्था रहेकाले **मिति २०७५ साल फागुन २५ गते शनिबार,** विहानको ८.०० बजे नगरसभाका अध्यक्ष एवम् नगरप्रमुख श्री भरतकुमार खत्रीज्यूको अध्यक्षतामा चैनपुर नगरपालिकाको तेस्रो नगरसभा तेश्रो अधिवेसन सम्पन्न भयो ।

नगर प्रमुख,वडाध्यक्ष, सदस्यहरू र शाखा प्रमुख कर्मचारीहरूको उपस्थितिमा आयोजित नगर सभामा

१. विषयगत कार्यपालिका समितिका संयोजकज्यूहरुवाट फागुन १५ गतेसम्मको बिषयगत प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । विधेयक समितिका संयोजक श्री लोक बहादुर श्रेष्ठ, वन वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक श्री भरत खड्का सुशासन तथा संस्थागत क्षमता विकास समिति संयोजक श्री धर्मराज चौहान सामाजिक विकास समिति संयोजक श्री काली बहादुर लिम्बु आर्थिक विकास समिति संयोजक श्री पदम तामाङ पूर्वाधार विकास समिति संयोजक श्री काजी शेर्पाले फागुन १५ गतेसम्मको बिषयगत शाखाहरुको कामको समीक्षा गर्दै प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

कार्यपालिका समितिका संयोजकहरुको प्रस्तुति उपर सामुहिक छलफल हुदा विभिन्न शाखा फाँटहरु मध्ये महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा, कृषि विकास शाखामा कर्मचारी नभएका, अन्य शाखा फाँटहरुमा पनि कर्मचारीको अभावका कारण कार्य सञ्चालन गर्न कठिनाई परेकोले अत्यावश्यक दरवंदी पूर्तिका लागि सरोकार निकायमा पत्राचार गर्ने । समग्रमा सवै शाखा फाँटहरुको चालु खर्च ५३ प्रतिशत भएको तर पूजीगत खर्च २० प्रतिशत मात्र भएको देखिएकाले पूजीगत खर्च बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय भयो ।

२. नगर कार्यपालिकाको बिभिन्न बैठकमा पेश भई सर्वसम्मतिले पारित भएका बन वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री भरत खड्काले पेश गर्नु भएको विपद व्यवस्थापन ऐन २०७५ आर्थिक विकास समितिका संयोजक श्री पदम बहादुर तामाङले पेश गर्नु भएको चैनपुर नगरपालिकाको सहकारी ऐन २०७५, सामाजिक विकास समितिका संयोजक श्री काली बहादुर लिम्बुले पेश गर्नु भएको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ पारित भयो। पारित भएका ऐन तथा कार्यविधिहरु राजपत्रमा यथाशीघ्र प्रकाशन गर्ने निर्देशन दिने निर्णय भयो ।

३. चैनपुर नगरपालिकाको दूरदृष्टि पारित गर्ने सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको एकीकृत आवधिक विकास योजना निर्माण गर्नकालागि निम्न अनुसारको दूरदुष्टि पारित गर्ने निर्णय गरियो :

<u>कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार</u>

४. नगरपालिका स्तरीय सडक, खानेपानी, सिँचाई, विद्युत, उद्योग जडिवुटी उत्पादन तथा प्रशोधन लगायतका क्षेत्रमा नगर स्तरीय योजनाहरु पहिचान गरी डिपिआर तयार गर्ने आइइइ प्रतिवेदन तयार गरी नेपाल सरकार,प्रदेश सरकारका विभिन्न मंत्रालयहरुमा पेश गर्न तथा विभिन्न गैरसरकारी संस्थाहरुसँग साझेदारीमा कार्य गर्न नगर कार्यपालिकालाई जिम्मा दिने निर्णय भयो ।

५. वडा नं. ३ बाट पोखरी लिम्बु गाउ भाङटारसडक स्तर उन्नति योजनाका लागि छुट्याएको रकम रु.१० लाख मध्ये आर्युवेद शाखाको लागि रु.३ लाख र बाँकी रकम रु.७ लाख सिद्धकाली मन्दिरमा परिसरमा फूलबारी व्यवस्थापन कार्यका लागि रकमान्तर स्वीकृत गरियो । फूलबारी व्यवस्थापनमा पहिले नैं छुट्याएको रकम रु.५० हजारसमेत गरी रु.७ लाख पचास हजार कायम गरियो ।

६. उपप्रमुखज्यूवाट चालु आ.व.०७५/०७६ को वजेट, तथा कार्यक्रमको अर्धवार्षिक समीक्षात्मक प्रस्तुति पेश गर्नु भयो । नदीजन्य पदार्थको ठेक्का लागेको रकमबाट प्रदेश सरकारमा पठाउनु पर्ने ४० प्रतिशत रकम फिर्ता पठाउने निर्णय भयो ।

७. नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त विभिन्न अनुदान र आन्तरिक आय व्ययको पूरक बजेट प्रस्तुति र छलफल गरी पेश भए बमोजिम पारित गरियो ।

८. विनियोजित विभिन्न योजना तथा कार्यक्रमहरुमा कार्यपालिकाको विभिन्न मितिको बैठकबाट भएको निर्णयानुसार विभिन्न योजना तथा कार्यक्रमहरुमा गरिएको रकमान्तर, नामसारी तथा ठाउँसारी र खर्च अनुमोदन गरियो ।

साथै आर्थिक ऐन २०७५ मा समावेश नभएका करका दरहरु समावेश गर्न उप प्रमुखले पेश गर्नु भएको राजश्व सम्बन्धी प्रतिवेदन पारित गरियो । न्यायिक समितिमा पेश हुने निबेदन उपर निम्न बमोजिमको राजश्व दस्तुर लिने निर्णय गरियो ।

जग्गा किचलो सम्बन्धमा : निवेदन दस्तुर रु.२००। मिलापत्र दस्तुर रु.४००।

अन्य मुद्दाको हकमा : निवेदन दस्तुर रु.१००। मिलापत्र दस्तुर रु.१००।

चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७५ को दफा २ मा आर्थिक बर्ष २०७५/७६ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने प्रावधानमा निम्नानुसार संशोधन स्वीकृत गरियो ।

**साविकमा भएको व्यवस्था :**

आर्थिक बर्ष २०७५/७६ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम

रु.५०,१०,१०,०००। (अक्षेरूपी पचास करोड दश लाख दश हजारमात्र) मा नबढाई  निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

संशोधनको व्यहोराः

नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, सडक वोर्ड नेपाल, प्रदेश सरकारबाट प्राप्त विभिन्न अनुदान प्राप्त भएकाले साविकको व्यवस्थामा संशोधन गरी निम्नानुसार संशोधन स्वीकृत गरियो । आर्थिक बर्ष २०७५/७६ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५५,१९,००,८०६।५४। (अक्षेरूपी पचपन्न करोड उन्नाइस लाख आठसय छ पैसा चउन्न मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

नेपालको संविधानको धारा २२९(२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम रु.५५,१९,००,८०६।५४

| क.सं. | शीर्षक | विवरण | दोश्रो नगरसभाबाट पारित बजेट | हालको संशोधित बजेट |
|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण | | १५४३०००००। | १५,४३,००,०००। |
| क. | चालु खर्च | | ६१७२००००। | ६,३३,९८,५००। |
| ख. | पूजीगत खर्च | | ९२५८००००। | ९,०९,०१,५००। |
| | | | | |
| २ | सशर्त अनुदान | | १७१७००००००। | १७,१७,००,०००। |
| | | | | |
| ३. | आन्तरिक श्रोत | गतआ.व.को रु.४०००००००। अ ल्या बाँकी रु.६८,१३,८०६।५४ आन्तरिक आय अनुमान रु.१,२७,००,०००। | ५,२७,००,०००। | ५,९५,१३,८०६।५४ |
| क. | चालु खर्च | | २१०८००००। | २,९५,९८,८०६।५४ |
| ख. | पूजीगत खर्च | | ३१६२००००। | २,९९,१५,०००। |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ४. | सामाजिक सुरक्षा | | ५०००००००। | ५,००,००,०००। |
| | | | | |
| ५. | राजश्व बाँडफाँड | नेपाल सरकार | ७२३१००००। | ७,२३,१०,०००। |
| क. | चालु खर्च | | २८९२४०००। | २,७७,९०,४००। |
| ख. | पूजीगत खर्च | | ४३३८६,०००। | ४,४५,१९,६००। |
| | | | | |
| ६. | अन्य अनुदान | संस्कृति पर्यटन विकास | | २५,००,०००। |
| ७ | | स्थानीय पूर्वाधार विकास कार्यक्रम (संघीय सांसद) | | १,२०,००,०००। |
| ८. | | सडक बोर्ड नेपाल | | ३०,००,०००। |
| ९. | | एलजिसिडिपि सूचना प्रविधि अधिकृतको तलव भत्ता र अन्य | प्राप्त हुन बाँकी रहेको | १०,००,०००। |
| १०. | प्रदेश सरकार | वित्तीय समानीकरण अनुदान | | ३५,७७,०००। |
| | प्रदेश सरकार | सशर्त अनुदान | | १,५०,००,०००। |
| | प्रदेश सरकार | राजश्व बाँडफाँड | | |
| | | | | |
| ११ | | स्थानीय पूर्वाधार विकास कार्यक्रम (प्रदेश सांसद) | | ७०,००,०००। |
| | | कूल जम्मा | ५०,१०,१०,०००। | ५५,१९,००,८०६।५४ |

हाल कायम हुन आएको रु.५५,१९,००,८०६।५४ को संशोधित बजेट मध्ये गत आ.व.को जिम्मेवारी सार्दा छूट देखिएको भनी महालेखा परीक्षकको कार्यालयबाट खटि आएको डोरबाट कैफियत औंल्याइएको रकम रु.६८,१३,८०६।५४ आम्दानी जनाउने र सशर्त अनुदानको फिर्ता खर्च लेख्न बाँकी रकम फिर्ता खर्च लेख्ने रु.२३,२६,७४८।५६

महिला तथा वालवालिका शाखाको उपयुक्त वजेट शीषकबाट खर्च लेख्ने गरी ९० पूरा भएका जेष्ठ नागरिकहरुलाई मिति २०७५।०४।०१ देखि नैं लागू हुने गरी मासिक रु.५००। भत्ता दिने ।

**नगर कार्यपालिकाका निम्न कर्मचारीहरुलाई दिएको आर्थिक सुविधा अनुमोदन गरियो :**

क. कार्यालय सहयोगी श्री उमेश कुमार राई रु.१० हजार

ख. हलुका सवारी चालक श्री पुण्य प्रसाद निरौला रु.५ हजार

ग. आर्थिक प्रशासन शाखाका प्रमुख लेखापाल श्री रञ्जित कुमार साह, योजना र जिन्सी व्यवस्थापन कार्यमा संलग्न कर्मचारीलाई अतिरिक्त समय काम लगाई नेपाल सरकार अर्थ मंत्रालयले तोकेको दरमा अतिरिक्त समय काम गरेको पारिश्रमिक भत्ता भुक्तानी दिन स्वीकृति दिइयो ।

घ. योजना निर्माण र फरफारकको प्रक्रियामा संलग्न हुने कर्मचारीहरुलाई योजनाको कन्टिन्जेन्सी बापतको रकम मध्ये ६० प्रतिशत भुक्तानी दिने गरी कार्यपालिकाबाट भएको निर्णय अनुमोदन गरियो

ङ. नगर कार्यपालिकाको कार्यालयमा ज्यालादारी तथा करारमा कार्यरत सवै कर्मचारीहरुको २०७६ असार मसान्त सम्मका लागि म्याद थप गर्ने गरी कार्यपालिकाले गरेको निर्णय अनुमोदन गरियो ।

च. आगामी नगर सभाले बजेट व्यवस्था गर्ने गरी उपभोक्ता समिति मार्फत चैनपुर पोखरी सडक मर्मत सुधार गर्ने गराउने भनी कार्यपालिकाले लिएको निर्णय अनुमोदन गरियो ।

च. नगर कार्यपालिकाको बैठक तथा नगर सभाको बैठकमा सहभागी कर्मचारीहरुलाई अधिकृत स्तर रु.१५००।, अनंकित तह रु.१२००। र सहयोगीहरुलाई रु.१०००। का दरले कर सहित भत्ता सुविधा दिने निर्णय भयो ।

न्यायिक समितिका संयोजक एवम् उप प्रमुख श्री मुना श्रेष्ठले पेश गर्नु भएको योजनाहरुको अनुगमन प्रतिवेदन उपर छलफल भई पेश भए बमोजिम पारित गरियो ।

उप प्रमुखले पेश गर्नु भएको न्यायिक समितिको प्रतिवेदन उपर छलफल भयो । हरेक वडा स्तरमा न्यायिक समितिले दिने सेवा सम्बन्धमा प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गर्ने, मुलुकी अपराध संहिता र देवानी संहिताको बारेमा वडा स्तरमा थप कार्यक्रम सञ्चालन गर्ने र आगामी आ.व. मा वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गर्ने कार्यक्रम ल्याउने ।

यस वर्षको मेयर गोल्डकप सञ्चालनका लागि निम्नानुसारको प्रस्तावना बमोजिमको रकममा नबढ्ने गरी खर्च गर्ने, मेयर गोल्ड कपका लागि उठेको रकम नगरपालिकाको खातामा आम्दानी जनाएर मात्र खर्च गर्ने र मेयर गोल्डकप सम्पन्न भएको एक महिना भित्र आम्दानी तथा खर्च सार्वजनिक गरी सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई समेत गर्ने गराउने निर्णय भयो ।

मेयर गोल्डकप खेल सञ्चालनका लागि खर्च शीर्षक नं. २२५२२ मा हाल मौज्दात रु.३२,६३,६५०। रहको छ । यो रकम पर्याप्त नभएकाले व.उ.शी.नं. २८९११ भैपरि आउने चालु खर्च शीर्षकबाट रु.५ लाख रकमान्तर गरी रु.३७,६३,६५०। बजेट कायम गर्ने निर्णय गरियो ।

| क.स. | शीर्षकहरु | क्रियाकलाप | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | पूरस्कार राशी | | | |
| | क) प्रथम पूरस्कार | | ५५५५५५ | |
| | ख) द्धितिय पूरस्कार | | ३३३३३३ | |
| | ग) तेस्रो पूरस्कार | | २२२२२२ | |
| | घ) सर्वोकृष्ट खेलाडी | | १५००० | |
| | ङ) सर्वाधिक गोलकर्ता | | १०००० | |
| | च) उत्कृष्ट गोलरक्षक | | १०००० | |
| | छ) म्यान अफ द म्याच (रु.५०००का दरले १६ टीमको १५ खेलको लागिजम्मा) | | ७५००० | |
| | | | १२२१११०। | |
| | ज) कर | | ३०५२७७ | |
| | जम्मा पुरस्कार खर्च २५ प्रतिशत कर समेत | | १५२६३८७ | |
| २ | टिम व्यवस्थापन | | | |
| | पहिलो खेल खेले बापत | १६ टिमलाई रु ३०,००० का दरले | ४८०००० | |
| | दोस्रो खेल खेले बापत | १४ खेल वापत रु १०,००० का दरले | १४०००० | |
| | जम्मा | | | |
| ३ | प्रचार प्रसार | व्यानर, पत्रपत्रिका, पत्रकार, सम्मेलन,रेडियो प्रसारण, अनलाइन | २५०००० | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रसारण, सर्म्पक, यातायात, माइकिङ्ग आदि | | |
| ४ | अतिथि सत्कार | अतिथि यातायात, खाना, खाजा,आवास,व्याज,माला मायाको चिनो आदि) | ३००००० | |
| ५ | सामाग्री खरिद | फुटवल, नेट, कर्नर फ्ल्याग, जर्सी, ट्याग सूट, टफी, मेडल | ४५०००० | |
| ६ | झाकी मार्चपास व्यवस्थापन | विभिन्न जातजातीहरुको झांकीको मार्चपास | ८००००। | |
| ७ | यातायात व्यवस्थापन | एम्बुलेन्स, खेलाडी ओसारपसार, विभिन्न बैठकमा जादा आउदा हुने खर्च | १५००००। | |
| ८ | प्राविधिक खर्च | कोच, रेफ्रि | २००००० | |
| ९ | मञ्च व्यवस्थापन | साउण्ड सिस्टम, मञ्च निर्माण, सजावट आदि | १५००००। | |
| १० | खेल मैदान व्यवस्थापन | | १०००००। | |
| ११ | स्वयमसेवक व्यवस्थापन | | १५००००। | |
| १२ | स्वास्थ्य सेवा व्यवस्थापन | | ८००००। | |
| १३ | खाद्यान्य तथा आवास व्यवस्थापन टिम व्यवस्थापन | मेयरकप सम्बन्धि बैठक खर्च (खाना, नास्ता) | २५००००। | |
| १४ | प्रायोजक व्यवस्थापन खर्च | | १०००००। | |
| १५ | आयोजक टिम तयारी खर्च | खेल खेले वापत दिइने खर्च, टिम तयार हुदा देखीको खाना नास्ता खर्च | ४०००००। | |
| १६ | अन्य अफिसियल, प्रमाणपत्र, सम्मान पत्र, रिपोट आदि | | २५००००। | |
| १७ | भैपरी आउने विविध | | २५०००० | |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा लागत | | ५३,०६,३८७ | |

<u>लागत व्यहोर्ने स्रोतहरु</u>

क. नगरपालिकाबाट रु ३७,५६,३८७।००

ख. प्रायोजकबाट अनुमानित संकलन १५,५०,०००।००

कुल रकम ५३,०६,३८७।००

यस नगर कार्यपालिकाको कार्यालयमा आन्तरिक लेखा परीक्षक नभएका कारण आन्तरिक लेखा परीक्षण गर्न गराउनका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय संखुवासभालाई अनुरोध गर्ने निर्णय गरियो ।

वातावरण स्वच्छ र सडक हराभरा राख्ने उदेश्यले नेपाल सरकारले एक व्यक्ति एक रुख रोप्ने भन्ने नाराकासाथ सरकार अगी बढी रहेकोले नेपाल सरकारको उदेश्य पुरागर्ने दायित्व स्थानिय सरकारको पनि भएकोले चैनपुर नगरपालिका क्षेत्र भित्रका केही महत्वपुर्ण सडकहलाई स्वच्छ वातावरण र हराभरा सडक बनाउने उदेश्यले सरकारी, सामुदायिक वा निजी वनहरुले सडकहरुको दायाँ ५ मिटर र वायाँ ५ मिटर रुखहरु कटान गरी खाली राख्नु पर्दछ । र सो सडकहरुमा यस आ. व. मा मौसम अनुकुलका फलफूल तथा अन्य उपयुक्त सडकलाई सजावट हुनेखालका विरुवा रोप्ने निर्णय गरीयो ।

चैनपुर नगरपालिका चिया तथा कफी उत्पादनको लागि महत्वपुर्ण क्षेत्रको रुपमा विकास हुँदै गएको र यस नगरपालिकाको चिया तथा कफी पकेट क्षेत्र बनाउने नीति रहेकाले कफी खेती हेर्ने प्राविधिक कर्मचारी माग गर्ने निर्णय गरियो ।

कृषि विकास शाखाको कार्यक्रमबाट बचत हुने रकमबाट लागत अनुमान अनुसार चैनपुर कफि उत्पादक कृषक समूहलाई सिचाइको लागि पाइप र प्लास्टिक पोखरीको लागि प्लाष्टिक उपलब्ध गराउने निर्णय गरियो ।